श्री ५ महेन्द्रस्मृति-अभिलेख

★

संग्रहकर्ता

हेमराज शाक्य

★

सम्पादक

हेमराज शाक्य

ईश्वरमान श्रेष्ठ

ललितपुर

020
९५ जी

श्री ५ महेन्द्रस्मृति-अभिलेख

★

संग्रहकर्ता
हेमराज शाक्य

★

सम्पादक
हेमराज शाक्य
ईश्वरमान श्रेष्ठ
ललितपुर

मितिः- २०४२ साल वैशाख १ गते

प्रथम संस्करण : ५०० प्रति

मूल्य १०।-

सर्वाधिकार संग्रहकर्तामा सुरक्षित

मुद्रकः— संकटा प्रेस, टेवहाल, ख १-८३ काठमाडौं-२

महेन्द्रस्मृति–संग्रहालयको प्रवेशद्वारको सामुन्ने रहेको शिलाभिलेख

श्री ५ युवराज्यूको देश–प्रेम अनु
करणीय थियो भने मौसूफको राजनीति
क बुद्धिमत्ता अनुपम खालको थियो
राष्ट्रिय हितको रक्षा गर्न मौसूफ जति
दह्रिलो र हमेशा तत्पर होइबक्सिन्थ्यो
उत्तिकै व्यक्तिगत जीवनमा भावुक, स्ने
हमय र संवेदनशील पनि होइब
क्सिन्थ्यो। दृढता र अनुकम्पा,
आदर्श र वास्तविकता, सत्य र
कल्पना तथा परम्परा र आधु
निकताको विशिष्ट संयोग मौसू
फ होइबक्सिन्थ्यो। संक्षेपमा
जन्मजात नेतृत्वका गुणहरू
मौसूफमा विद्यमान थिए भन्ने
हामीलाई लाग्दछ।

–श्री ५ महाराजाधिराज
वीरेन्द्र वीर विक्रम शाहदेव

जुन देशमा जन्में हुर्कें त्यनै देशको
माटो र नेपाली मात्रको भलाईमा
मरिमेट्न पनि सकुं यही नै
मेरो श्री पशुपतिनाथमा प्रार्थना छ ।

—स्व० श्री ५ महेन्द्र

सम्मति

यो पुस्तिकामा काठमाडौं उपत्यका तथा बाहिरका धार्मिक वा अन्य स्थलमा भएका स्वर्गीय श्री ५ महेन्द्रका समयमा अङ्कित केही अभिलेख संग्रह भरिएका छन्। नेपाललाई माध्यमिक कालको अन्धकारबाट बिसौं शताब्दिको प्रकाशमा ल्याई बक्सने श्री ५ महेन्द्रका धार्मिक विचारको परिचय इनका पाठद्वारा पाइने हुनाले पुस्तक स्वागत योग्य भएको छ तथा यसले नेपालमा पाइने मौसूफबाट राखिएका सबै अभिलेखको संग्रह गरी प्रकाश गर्ने मार्ग निर्देश गर्छ। यस्तो उपयोगी पुस्तिकाका संग्रहकर्ता विद्वान् द्वय श्री हेमराज शाक्य तथा श्री ईश्वरमान श्रेष्ठलाई मेरो साधुवाद।

सूर्य विक्रम ज्ञवाली
वानेश्वर, काठमाडौं

दुइ शब्द

प्राचीन सम्पदाको संरक्षण तथा संवर्द्धन गर्ने काममा स्वर्गीय श्री ५ महेन्द्रको भूमिका एवं देन अविस्मरणीय छ । यसै गरी मौसूफ सरकारका सुशासन कालमा लोक–कल्याणको लागि अन्य धेरै क्षेत्रहरूमा पनि महत्वपूर्ण कामहरू भए । लामो समयदेखि अन्वेषण कार्यमा संलग्न दुई जना उत्साही अनुसन्धानकर्ताहरूले स्वर्गीय श्री ५ महेन्द्रसंग सम्बन्धित कतिपय अभिलेखहरू एउटै ठाउँमा संग्रह गरी प्रकाशनमा ल्याउनु निश्चय नै एउटा अत्यन्त प्रशंसनीय कार्य हो । यस संगालोले वर्तमान तथा भविष्यका अन्वेषणकर्ताहरूलाई धेरै मद्दत गर्नुका साथै सामान्य पाठकहरूलाई समेत उपयोगी जानकारी मिल्ने छ भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा पुनः श्री हेमराज शाक्य र श्री ईश्वरमान श्रेष्ठलाई यस सत्प्रयासका निम्ति धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

रमेश जंग थापा
अतिरिक्त सचिव
श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय

प्राक्कथन

पञ्चायती प्रजातन्त्रका प्रवर्तक प्रातः स्मरणीय हाम्रा स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेवका सुशासन कालमा विशेषतः विक्रम सम्वत् २०१५ सालदेखि २०२८ साल पौष सम्ममा सम्पन्न भएका ऐतिहासिक मठ, मन्दिर, विहार, ढुंगेधारा, राष्ट्रिय अभिलेखालय, राष्ट्रिय नाच घर एवं प्राज्ञ–भवनादि अनेकौं राष्ट्रिय स्मारकहरूको जीर्णोद्धार, संरक्षण तथा पुनरुद्धार महान सांस्कृतिक महत्व हुने कुरा स्वयं सिद्ध छ ।

स्वर्गीय श्री ५ महेन्द्रबाट नेपालका सांस्कृतिक सम्पदाहरूको संरक्षण र स्याहार सम्भारका लागि बेला बेलामा गरी बक्सेको अनुकरणीय कार्यहरूको राष्ट्रिय महत्वका सांस्कृतिक अभिलेख संग्रह गरी प्रकाशनमा ल्याउन पाए नेपाली इतिहास तथा संस्कृति प्रेमी सबै यसबाट लाभान्वित हुने आशा हामीले लिएका थियौं । सौभाग्यवस हाम्रो उक्त आशाको अनुरुप शिक्षा तथा संस्कृति मन्त्रालयबाट हामीलाई यो अभिलेख प्रकाशित गर्न सहायतानुदान समेत प्राप्त भयो र सो अहिले पाठकहरूकै हातमा छ । यसरी यो प्रकाशनमा आउन सकेकोमा हामीलाई ठूलो सन्तोष र सुखको अनुभव भएको छ ।

यस कृतिका सम्पादक द्वयबाट बागमती अञ्चल (काठमाडौं उपत्यका) काठमाडौं, ललितपुर तथा भक्तपुर र यस्तै गरी गण्डकी, लुम्बिनी, मेची तथा नारायणी अञ्चलका समेत स्व. श्री ५ महेन्द्रबाट सम्पन्न भएका जीर्णोद्धार सम्बन्धी नव निर्माण भएका विभिन्न अभिलेखहरू ठूलो परिश्रम एवं मिहेनतका साथ संग्रह गरी एकै ठाउँमा सबैको उपयोगिताको लागि प्रस्तुत गर्ने सक्भर प्रयास भएको छ ।

प्राक्कथन

पञ्चायती प्रजातन्त्रका प्रवर्तक प्रातः स्मरणीय हाम्रा स्वर्गीय श्री ५ महेन्द्र वीर विक्रम शाहदेवका सुशासन कालमा विशेषतः विक्रम सम्वत् २०१५ सालदेखि २०२८ साल पौष सम्ममा सम्पन्न भएका ऐतिहासिक मठ, मन्दिर, विहार, ढुंगेधारा, राष्ट्रिय अभिलेखालय, राष्ट्रिय नाच घर एवं प्राज्ञ–भवनादि अनेकौं राष्ट्रिय स्मारकहरूको जीर्णोद्धार, संरक्षण तथा पुनरुद्धार महान सांस्कृतिक महत्व हुने कुरा स्वयं सिद्ध छ ।

स्वर्गीय श्री ५ महेन्द्रबाट नेपालका सांस्कृतिक सम्पदाहरूको संरक्षण र स्याहार सम्भारका लागि बेला बेलामा गरी बक्सेको अनुकरणीय कार्यहरूको राष्ट्रिय महत्वका सांस्कृतिक अभिलेख संग्रह गरी प्रकाशनमा ल्याउन पाए नेपाली इतिहास तथा संस्कृति प्रेमी सवै यसबाट लाभान्वित हुने आशा हामीले लिएका थियौं । सौभाग्यवस हाम्रो उक्त आशाको अनुरुप शिक्षा तथा संस्कृति मन्त्रालयबाट हामीलाई यो अभिलेख प्रकाशित गर्न सहायतानुदान समेत प्राप्त भयो र सो अहिले पाठकहरूकै हातमा छ । यसरी यो प्रकाशनमा आउन सकेकोमा हामीलाई ठूलो सन्तोष र सुखको अनुभव भएको छ ।

यस कृतिका सम्पादक द्वयबाट वाग्मती अञ्चल (काठमाडौं उपत्यका) काठमाडौं, ललितपुर तथा भक्तपुर र यस्तै गरी गण्डकी, लुम्बिनी, मेची तथा नारायणी अञ्चलका समेत स्व. श्री ५ महेन्द्रबाट सम्पन्न भएका जीर्णोद्धार सम्बन्धी नव निर्माण भएका विभिन्न अभिलेखहरू ठूलो परिश्रम एवं मिहेनतका साथ संग्रह गरी एकै ठाउँमा सवैको उपयोगिताको लागि प्रस्तुत गर्ने सकभर प्रयास भएको छ ।

यो सानो कृतिवाट भविष्यमा नेपाली वास्तुकला तथा संस्कृतिका अन्वेषक एवं अध्येताहरूको लागि अलिकति मात्र लाभान्वित गर्न सके पनि संग्रहकर्ता दुवैको परिश्रम र प्रयास खेर नजाने विश्वास यहाँ लिइएको छ । यस स्मृति–अभिलेखहरू मध्ये नेपाल राष्ट्रिय अभिलेखालयको शिलान्यास तथा उद्घाटन सम्बन्धी २ वटा अभिलेखहरू क्रमवद्ध नभै (परिशिष्ट) अन्त्यमा पर्न गएका छन् । साथै यसमा अरू सानु ठूलो भूलचूक हुन गएमा अर्को संस्करणमा सच्याइने कुरा अवगत गराउँदछौं ।

यस कृति मुद्रण–कार्यमा सहयोग पुऱ्याउने प्रेसका व्यवस्थापक श्री पूर्णरत्न वज्राचार्य र ब्लक निर्माणको निमित फोटो लिइदिने विजयलाल कायस्थ र पुस्तक पाण्डुलिपि मिहेनतपूर्वक सारिदिने कार्यमा लाग्ने अवलमान सिन्या प्रति हामी दुवै हृदयदेखि आभार छौं । यो कृतिलाई प्रकाशनमा ल्याउन सहयोग पुऱ्याइदिए वापत शिक्षा तथा संस्कृति मन्त्रालयलाई धेरै धन्यवाद ज्ञापन गर्दछौं ।

ईश्वरमान श्रेष्ठ
५ ग. लगनखेल, पाटन

भूमिका

सर्वोच्च गौरीशंकर हिमालयको काखमा अवस्थित हाम्रो जन्मभूमि नेपालका सुयोग्य शासक स्व. श्री ५ महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल र नेपालीको सुख–शान्तिका लागि विभिन्न कदमहरू चालिबक्स्यो । यसै क्रममा मौसूफ सरकारबाट २०१७ सालमा ऐतिहासिक कदम चालीबक्सी पञ्चायती प्रजातन्त्र हामीलाई बक्स्यो । यस व्यवस्थाका उद्देश्यानुरूप सुशासन–सञ्चालन गरिबक्सन भूमिसुधार ऐन र नयाँ मुलुकी ऐन लागू गरिबक्सनुका साथै नेपाली मात्रमा अझै राष्ट्रियता तथा नेपालीत्वको भावना अभिवृद्धि गराउन मौसूफ सरकारबाट २०२४ सालमा 'गाउँ फर्क अभियान' समेत हामीलाई बक्स्यो ।

मौसूफ सरकारबाट सामाजिक, आर्थिक, शैक्षिक एवं परराष्ट्र–क्षेत्रमा उल्लेखनीय कदम चालिबक्सनुका साथै राष्ट्रिय संस्कृतिको संरक्षण एवं सम्वर्द्धनका निमित्त अथक प्रयास गरिबक्सेको थियो । राष्ट्रका अमूल्य कीर्ति संस्कृतिका प्राणस्वरूप प्राचीन स्मारक आदिको बचावटका निमित्त पुरातात्विक क्षेत्रमा पनि दिलचस्पी राखिबक्सदै २०१५ सालदेखि नै मौसूफबाट जीर्णोद्धार अभियान चलाइबक्सेको थियो । काठमाडौं उपत्यकामा र अधिराज्यका अन्य भागहरूमा समेत संस्थापित देवालय, मन्दिर, विहार, आगम, स्तूप, चैत्य र भग्नावशेषस्थल आदिको सुसंगठित रूपमा विकास गर्न एक निर्माण–सुधार–समितिको व्यवस्था गरिबक्स्यो । यसै गरी गुठी–जीर्णोद्धार एवं निर्माण–समिति, पुरातत्व–विभाग, भवन–विभाग र पर्यटन–विभागलाई समेत निर्देशन बक्स्यो । मौसूफ सरकारबाट यसरी प्राचीन स्मारकप्रति मात्र अपार श्रद्धा र भक्ति दर्शाइबक्सेको होइन, अपितु

नेपालको संस्कृतिमा पनि उत्तिकै देन दिइबक्सेको थियो । यस सन्दर्भमा केही उदाहरणहरू प्रस्तुत गर्दौं ।

नेपालका महायानी बौद्ध धर्म अनुसार 'सम्यक् धर्म' गर्ने चलन छ । यो सम्यक् धर्म आफ्नै किसिमको इतिहास, संस्कृति र कलाले ओतप्रोत भएको बौद्ध संघायनको अद्वितीय महान पर्व हो । यस सम्यक् धर्ममा राजाको प्रमुख स्थान र महत्व हुन्छ । १२ वर्षमा हुने सम्यक्को समारोहमा तथा दानपतिद्वारा सुसम्पन्न गरिने सम्यक्को समारोहमा राजा नै सर्वोपरि हुन्छ । राजालाई त्यस किसिमको समारोहमा केवल राष्ट्रनायकको रूपमा मात्र होइन, सम्पूर्ण देवताहरूको साक्षात् प्रतिनिधिको रूपमा (श्री नरनारायण) स्वरूप नागछत्रले युक्त सुवर्णसिंहासनमा विराजमान गराई नेपाली परम्परागत धर्म र संस्कृतिको प्राणस्वरूप मानिन्छ । त्यस सम्यक् समारोहमा श्रीको चरणकमलमा महादान–वाद्य र मङ्गलध्वनि सहित अर्घ दिई पाद्यार्चन–कार्य समाप्त भएपछि मात्र ३३ करोड सम्पूर्ण जिन–पुङ्गव र आर्यजिन संघ स्थैलक, श्रामणेर, ब्रह्मचर्य–भिक्षु, शाक्य भिक्षु, वज्राचार्य आदि उपस्थित सबैलाई सम्यक् दान दिन निमित्त 'राजाज्ञा' कै प्रमुख अनिवार्यता रहन्छ । स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट पनि यस किसिमको समारोहमा सवारी भई नेपालको परम्परा र धर्म–संस्कृतिको रक्षा गरिबक्सेको थियो ।

सम्यक् धर्मको पृष्ठभूमिमा राजाको महत्व र प्रमुख स्थानको बिचार गर्दा नेपाली धर्म-संस्कृतिको आफ्नैपनको उच्चतम स्थान छ ।

काठमाडौंस्थित कुमारी घर–निवासी शाक्य–भिक्षुणीलाई कुमारीका रूपमा पूजादि सत्कार गरी जात्रा समेत चलाइन्छ । राष्ट्रनायक श्री ५ बाट उक्त कुमारीकै हातबाट टीका र प्रसाद ग्रहण गरिबक्सँदै आएको प्रथा सर्वविदित छ । त्यस्तै काठमाडौं उपत्यकामा अनेक देव-देवीका नाच–गान चलाउने परम्परा छन् । तीं मध्ये १२ वर्षमा हुने भद्रकालीको आफ्नै हातको खड्ग राजालाई र राजाको हातको खड्ग आफूलाई लिने दिने चलन चलिआएको छ । सो मौसूफ सरकारबाट पनि त्यस खड्गसिद्धि आदानप्रदान गरिबक्सेको थियो । यस्तै ललितपुर-दरबारको मूल चोकमा हुने गणनृत्यमा पनि 'राजाको प्रतापले देशमा सुख शान्ति कायम

भइरहोस्' भन्ने वाक्य पञ्चताल वाद्यसहित पढ्नुपर्छ । त्यस्तै राजावाट हुनुपर्ने सांस्कृतिक परम्परानुसारका कार्यहरू राजप्रासाद हनुमान ढोकाबाट नै सम्पन्न हुन्छन् । प्रजाहरूमा भएका विविध महत्वपूर्ण सांस्कृतिक रीति स्थितिहरू आफ्ना राजालाई दर्शन गराउन पाउनु नै अहोभाग्य र सार्थक सम्झी हनुमान ढोका सामुन्ने ल्याउने गरेको ज्ञात हुन्छ ।

सम्यक् धर्म गराउँदा सर्वप्रथम संपूर्ण सम्यक् देवता सुवर्णमय दीपङ्करादि बुद्ध, वोधिसत्व, आर्यतारादिको मूर्ति र अन्य ध्वजापताकादि वाद्य-वादन समेत यही हनुमान-ढोकामै सामेल गर्नुपर्छ । बौद्ध विहारमा चूडाकर्म गर्दा पनि देशान्तर ल्याउँदा यही ठाउँमा ल्याउने गरिआएको छ । कुनै महत्वपूर्ण देवीहरूका नाच पनि यसै राजप्रासादका सामुन्ने प्रदर्शित गरिआएको देखिन्छ । त्यस्तै श्री ५ हरूका जन्मोत्सव, राज्यारोहण, राज्याभिषेक एवं अन्त्येष्टी क्रिया जस्ता कार्यहरू पनि यसै ठाउँमा नै भइआएका छन् । स्वयम्भू, चोभार, चाँगू, हिरण्यवर्ण महाविहार र वुंगमती एवं साँखू शाली नदीमा, मासोपवास (एक महीनासम्म केही नखाई व्रत वस्ने) व्रत गर्नेहरू व्रतसाँगी भएका दिन कठोर तपस्या सफल भएको उपलक्ष्यमा राजाका हजूरमा ती व्रतवासीहरू प्रसाद टक्र्याउन यसै राजप्रासादमा उपस्थित हुनुपर्छ । यस्तै गुंलाधर्म अन्तर्गत श्रावण महीनामा हुने चैत्य–स्तूप–प्रदक्षिणा श्रृङ्गभेरी जात्राको उपलक्ष्यमा प्रस्तुत गरिने ललितपुरको प्रसिद्ध नवबाजा पनि राजाकै दरवारमा ल्याई नजर गराउनु पर्छ र ती नवबाजा–खलकलाई भेटी सहित फिर्ता पठाइन्छ । एवं क्रमले बौद्ध धर्मावलम्वीहरूले सम्यक् धर्म, नरा र स्वयम्भू महाचैत्यमा सुधालेपन (सख्वा पायगु) आदि गर्दा राजाको हजूरमा ग्वेदा (सुपारी दक्षिणा) चढाउन जानुपर्छ ।

स्व. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव 'यथावादी तथाकारी' रूपमा प्रत्येक वर्ष मनाइ आएका सांस्कृतिक महान पर्व जात्राविमा समेत सवारी होइवक्सिन्थ्यो "मत्स्येन्द्रस्य समा यात्रा नास्ति ब्रह्माण्डमण्डले" भनी मुक्तकण्ठले प्रशंसा गरी राखिएको अत्यन्त महत्वपूर्ण बौद्ध, शैव, वैष्णव, सौर्य एवं शाक्त संप्रदायले समेत समान रूपले अपार श्रद्धा–भक्ति राखी मान–मर्यादा॰ पूर्वक (सहकालका लागि) चलाइआएका प्रसिद्ध देवता बोधिसत्व श्री करुणामय

मत्स्येन्द्रनाथको अमूल्य 'भोटो' प्रदर्शन गर्ने समयमा मौसूफ सरकार सवारी भैबक्सी प्रदर्शन गराइबक्सिन्छ ।

त्यस्तै हनुमान ढोकामा गरिने वसन्त श्रवण, टुंडिखेलमा हुने घोडेजात्रा तथा श्री कृष्णाष्टमीका दिन ललितपुरको दर्शनीय श्री कृष्ण–मन्दिरमा पनि साथै नेपालको प्रमुख चाड, वडा दशैंका अवसरमा श्री गुह्येश्वरी, श्री शोभा भगवती, श्री विजयेश्वरी, श्री दक्षिणकाली, श्री तलेजु भवानी, श्री संकटा आदिको मन्दिर-हरूमा समेत दर्शन र पूजाका निमित्त मौसूफ सरकार सवारी होइबक्सिन्थ्यो ।

हाम्रो धार्मिक एवं सांस्कृतिक तथा राजनैतिक इतिहास अवलोकन गर्‍यौं भने राजा र प्रजाको सम्बन्ध अगाडिदेखि नै पिता–पुत्रको जस्तो रहि आएको ज्ञात हुन्छ र साथै सांस्कृतिक परम्पराको राम्ररी अवलोकन एवं अध्ययन गर्‍यौं भने स्व. श्री ५ महेन्द्र शासकका रूपमा मात्र नरहिबक्सेर नेपालका प्राचीन स्मारक तथा संस्कृतिका कुसल संरक्षक नै होइबक्सन्थ्यो भन्ने कुरा अवगत हुन्छ । मौसूफबाट आफ्नो परम्परागत नियम–निष्ठा पालना गरिबक्सी 'नेपाल' को नाम "नियमेन पालितः यस्मात् नेपालः" भनेर सार्थक गरिबक्सेको थियो ।

अन्त्यमा यस सन्दर्भमा स्व. श्री ५ महेन्द्रका पालामा संस्थापित भएका केही अभिलेखका प्रतिलिपिहरू प्रस्तुत गरौं । यी प्रतिलिपिहरूमा परम्परागत रूपले राजाको नाम अङ्कित भएको छ ।

हुन त नेपालको ऐतिहासिक, साहित्यिक र सांस्कृतिक क्षेत्रहरूमा परम्परा-गत रूपले राजाको राज्यकाल र नाम अङ्कित गर्ने प्रचलन–नियम ज्यादै पुरानो हो । जस्तो– शिलापत्र, ताम्रपत्र, रजतपत्र, सुवर्णपत्र आदिमा "परम भट्टारक महाराजाधिराजस्य अखण्ड विजयराज्ये लिखितं वा स्थापितं शुभम्" भनेर शासकको नाम अङ्कित भएको जताततै पाइन्छ । फेरि, विहार, मन्दिर, सत्तल आदि स्थानमा हुने भजन–कीर्तनहरूको अन्तिम वाक्यमा अमुक राजाको विजय राज्यमा रचेका भन्ने पनि पाइन्छ, त्यस्तै हस्तलिखित ग्रन्थहरूको अन्तिम पुस्तिकामा पनि यस्तै उल्लेख पाइन्छ । उता प्रमुख जात्रा–पर्वहरूमा राजाको उपस्थितिलाई राजाकै खड्ग तलवारको प्रतिनिधित्व गराई राजकीय सम्मानका साथ समारोह मनाइने प्रचलन पनि परम्परादेखि नै चलिआएको छ । विशेषतः

काठमाडौं, भक्तपुर र ललितपुरमा बाजागाजाका साथ राजाको खड्ग-तलवारलाई छत्रले युक्त गरी समारोहमा लैजाने चलन अद्यापि प्रचलित नै छ। यस सन्दर्भमा देशका विभिन्न भागमा धर्म, कला, संस्कृतिका पुजारी स्व. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका नाममा स्थापना गरिएका शिलाभिलेखहरू उदाहरणका लागि तिनका प्रतिलिपिहरू यहाँ प्रस्तुत गर्नु युक्तिसंगत हुनेछ। अस्तु।

हेमराज शाक्य
ललितपुर, महाबौद्ध
थैना टोल

२०४२ वैशाख १

विषय-सूची

		पृष्ठ
१.	नारायणहिटी धाराको शिलालेख	१
२.	भद्रकालीस्थित गणेशस्थान संगैको शिलालेख	१
३.	लेले लीलावती, कमलावति र प्रभावति बीचमा रहेको शिलालेख	२
४.	भक्तपुर शिद्धपोखरीको शिलालेख	२
५.	सिनामङ्गल ढुङ्गेधारा बीचको शिलालेख	२
६.	चावहील चन्द्रविनायकमन्दिरको शिलालेख	३
७.	शोभा भगवती विष्णुमतिघाटको शिलालेख	३
८.	पशुपति वनकाली सत्तलको शिलालेख	४
९.	लेले श्वेत गणेशमन्दिरको शिलालेख	४
१०.	भक्तपुर माहेश्वरीपीठस्थित शिलालेख	४
११.	कमलादी गणेशस्थानको शिलालेख	४
१२.	बुँगमति कार्यविनायकको शिलालेख	५
१३.	नक्साल भगवतीको शिलालेख	५
१४.	पाटन मंगलबजार भण्डारखाल ढुंगेधाराको शिलालेख	६
१५.	चोभार जलविनायक सत्तलको शिलालेख	६
१६.	लेले सरस्वतीकुण्डस्थित पशुपतिमन्दिरको शिलालेख	७
१७.	चापागाउँ वज्रवाराहीको शिलालेख	८
१८.	कुम्भेश्वर क्याम्प वाहिर ढुंगेधाराको शिलालेख	८
१९.	सूर्यविनायक (भक्तपुर) को शिलालेख	८
२०.	पशुपति पश्चिम सुवर्णद्वार खापाको शिलालेख	९
२१.	मंगलबजार दरवार स्क्वायरको ढुंगेधाराको शिलालेख	९

२२. मंगलबजार सुन्दरीचोक भित्रको शिलालेख ९
२३. ज्ञानेश्वर महादेवमन्दिरको शिलालेख १०
२४. ललितपुर सौगलटोल ढुंगेधाराको शिलालेख १०
२५. ललितपुर सुन्धारा ढुङ्गाको उमामहेश्वर–मन्दिरको शिलालेख ११
२६. नरदेवी श्वेतकाली भजनपाटीको शिलालेख ११
२७. बुढानिलकण्ठनारायण पश्चिम लङ्गको धर्मशालाको माथिल्लो भागको भित्ताको शिलालेख ११
२८. नारायणहिटीको नारायणमन्दिरको भजनमण्डपको द्वार माथिको शिलालेख १२
२९. गुह्येश्वरी क्याम्पको श्री ५ महेन्द्रको प्रतिमायुक्त शिलास्तम्भको अभिलेख १३
३०. गुह्येश्वरीको दिव्यघण्ट संगैको सत्तलमा रहेको शिलालेख १३
३१. पशुपति चोकभित्र उन्मत्तभैरव–मन्दिरको द्वारमा रहेको शिलालेख १४
३२. पशुपतिको दक्षिण प्राङ्गणको भुइँमा रहेको तामाको अभिलेख १६
३३. पोखरा तालवाराहीमन्दिरको घण्टाभिलेख १६
३४. मैतिदेवीमन्दिर अगाडिको शिलालेख १६
३५. फर्पिङ्ग शेषनारायण क्याम्पको धर्मशालाको शिलालेख १७
३६. लाजिम्पाट नीलसरस्वति मन्दिरको व.याँको सत्तलको शिलालेख १८
३७. दक्षिणकाली माईको सामुन्नेको खोला किनारको धर्मशालाको शिलालेख १९
३८. चाँगुनारायणमन्दिरको पेटी मुनिको शिलालेख २०
३९. सदर टुण्डिखेलको महाङ्कालमन्दिरको सिंढीको वीचको शिलालेख २१
४०. प्रसिद्ध न्यातपोल मन्दिरको पेटीको शिलालेख २३
४१. राष्ट्रिय नाचघरको शिलालेख २३
४२. दक्षिणकाली जाने ईश्वरीमार्गको अवसानमा रहेको रत्नसोपान प्रवेश गर्ने ढोकाको दायाँ रहेको शिलालेख २४
४३. लुम्बिनीको अशोकस्तम्भको अगाडि रहेको शिलालेख २५
४४. बालाज्यूको श्री ५ महेन्द्र उद्यानको शिलालेख २६
४५. मचलीको मत्स्येश्वरीमन्दिरको प्रवेशद्वार सामुन्नेको शिलालेख २६
४६. रुद्रगाडेश्वरको शिलालेख २७
४७. कुमारीघरको सद्यकुमारी आसन प्रवेशद्वारको दायाँको शिलालेख २७

४८. काष्ठमण्डपको आग्नेय कोणको भित्ताको शिलालेख २८
४९. कुम्भेश्वरमन्दिर अगाडिको वसाह मुनिको शिलालेख २९
५०. कीर्तिपुरको बाघभैरवमन्दिरको शिलालेख ३०
५१. खोकनाको रुद्रायणीमन्दिरको शिलालेख ३१
५२. भक्तपुरको भीमसेनमन्दिरको शिलालेख ३१
५३. कुम्भेश्वरमन्दिरको घण्टाभिलेख ३२
५४. ललितपुर दिगुतले भवानीमन्दिरको शिलालेख ३२
५५. रातो मच्छिन्द्रनाथमन्दिरको तल्लो तल्लाको म्हुदलको पित्तल अभिलेख ३३
५६. पशुपतिमन्दिरको प्राङ्गणमा रहेको श्री ५ महेन्द्रको प्रतिमायुक्त स्तम्भको शिलालेख ३४
५७. पशुपतिमन्दिरको दक्षिण द्वार भित्र बायाँतर्फको शिलालेख ३५
५८. पशुपतिमन्दिरको दक्षिण द्वारको भित्र दायाँ तर्फको शिलालेख ३६
५९. वानेश्वरको छकुवकु भगवतीमन्दिर अगाडिको सेवा–सदनको प्रवेशद्वारको शिलालेख ३८
६०. वसन्तपुरको कुमारीरथ संगैको भैरवरथको पित्तल अभिलेख ३९
६१. औरंग्या मठ शिवमन्दिरको म्हुदल लेख ३९
६२. वीरगंज विन्दवासिनीमन्दिरको म्हुदल लेख ३९
६३. मनकामनामन्दिरको म्हुदल लेख ४०
६४. ने. रा. प्र. प्र. को श्री ५ महेन्द्र स्तम्भलेख ४१
६५. गुह्येश्वरीमन्दिर प्रवेशद्वारको सामुन्ने इशानकोणनिरको शिलालेख ४१
६६. ललितपुरको पूर्णचण्डीमन्दिरको म्हुदलको अभिलेख ४३
६७. इलामको ताम्रपत्र ४४
६८. राष्ट्रिय अभिलेखालयको सिलान्यास अभिलेख ४५
६९. राष्ट्रिय अभिलेखालयको उद्घाटन अभिलेख ४५

—:०:—

श्री ५ महेन्द्र अभिलेख संग्रह

प्रसिद्ध ऐतिहासिक नारायणहिटी धाराको शिरानमाथि रहेको स्टाण्डमाथि उठाएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल वैशाख मैन्हामा
२. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव
३. वाट जीर्णोद्धार गरी वक्सनाको साथै वन्द
४. भै रहेको ऐतिहासिक धाराहरू खुलाइ वक्सियो ।

★

टुण्डिखेलस्थित भद्रकालीमा रहेको स्थूलकाय गणेशमूर्तिको सामुन्नेको घरसंगै अवस्थित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल ज्येष्ठ मैन्हामा श्रीभद्रकाली प्रीति
२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट
३. सबै जीर्णोद्धार गरि वक्सनाको साथै वाहिर पट्टिको पेटिहरू न
४. व निर्माण गरि वक्सियो ।

★

लेले टीकाभैरवको सामुन्ने रहेको लीलावती, कमलावती र प्रभावतीको संगमस्थलको बीचमा प्रस्थापित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल आषाढ महिनामा श्री टिकाभैरवनाथ प्रीति
२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्री को
३. मन्दिर पुनर्निमाण गरि वक्सियो ।

★

भक्तपुरस्थित सिद्धपोखरीको पूर्वद्वारको सामुन्ने रहेको घाटमा अवस्थित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल श्रावण मैन्हामा श्री ५ महाराजाधिराज महेन्द्र
२. वीर विक्रम शाहदेवबाट प्राचीन ऐतिहासिक यो सिद्ध पोखरीको जीर्णो–
३. द्धार मर्मत गरी वक्सनाको साथै चारै तर्फ स्नान गर्ने घाट नव निर्माण
४. गरि वक्सियो ।

★

सिनामंगलको सिंहमुखी र मकरमुखी यी दुईवटा ढुंगेधाराको बीचमा रहेको केही खालि भाग जग्गाको स्टाण्डमा अवस्थित शिलाभिलेख ।

१. श्री विक्रम सम्वत् २०१५ साल भाद्र मैन्हामा श्री ५ महाराजाधिराज महेन्द्र
२. वीर विक्रम शाहदेवबाट टाढाटाढाबाट आउने यात्रीहरूको सु–
३. विधाको लागि धर्मशाला र चौपायाको जलाश्रय तलाउ नवनिर्माण गरि–

४. वक्सनाको साथै ढुंगेधारा २ समेत जीर्णोद्धार गरि वक्सियो ।

★

चावहील चन्द्रविनायकमन्दिरको सामुन्ने रहेको स्टाण्डमाथि उठाएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल आश्विन मैन्हामा श्री चन्द्र विनायक
२. प्रीति गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट सवै
३. पुनर्निर्माण गरि वक्सनाको साथै मन्दिरमा पित्तलपाताको छाना लगाइ
४. वक्सियो ।

★

शोभाभगवती मन्दिरको सामुन्ने अवस्थित विष्णुमती किनारको घाटमा रहेको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल
२. आश्विन मैन्हामा श्री ५ महा
३. राजाधिराज महेन्द्र वीर
४. विक्रम शाहदेवबाट
५. श्री शोभा भगवती
६. को सवै सत्तल
७. जीर्णोद्धारको
८. साथै देवल
९, को छाना
१०. बनाई
११. वक्सि
१२. यो ।

★

पशुपति वनकालीको अगाडि रहेको सत्तलको भित्तामा टांगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल कार्तिक मैन्हामा श्री वनकाली भग
२. वतीको प्रीति गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह
३. देवबाट मन्दिर, पर्खाल क्याम्प सबै पुनर्निर्माण गरि बक्सियो ।

★

लेले तलोटोल स्थित स्थानगणेश श्रीश्वेतगणेशको मन्दिरभित्र भित्तामा टांगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वन् २०१५ साल कार्तिक महिनामा श्री गणेश प्रीति गरि
२. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्री को
३. मन्दिर पुनर्निर्माण गरि बक्सियो ।

★

भक्तपुर माहेश्वरीपीठस्थित माहेश्वरीमन्दिरको अगाडि रहेको पर्खालको भित्तामा टांसिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल कार्तिक महिनामा श्री माहेश्वरीको प्रीति
२. गरी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिर
३. पुन निमाण गरि बक्सियो ।

★

कमलादि गणेशको क्याम्पको पश्चिम लङ्गो पर्खालको शिरानको मूसतहको स्टाण्ड माथि उठाएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल मार्ग मैन्हामा श्री कमलादि गणेश

२ प्रीति गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट
३ मन्दिर र मन्दिर वरिपरी जीर्णोद्धार गरि बक्सनाको साथै मंदि
४ रमा खण्डित भएका पाताहरू थपि सुनको मोलम्वा गरि बक्सियो ।

★

वुंगमतीस्थित कार्यविनायक मन्दिरको भित्तामा रहेको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल पौष महिनामा श्री कार्यविनायक प्रीति ग–
२ रि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिरमा म–
३. र्मत तथा रङ्ग रोगनको साथै क्याम्पाको परखाल समेत नव निर्माण गरि व–
४. क्सियो ।

★

नक्साल भगवतीमन्दिरको दायांतर्फको पर्खालको भित्तामा टांसिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल पौष मैन्हामा श्री नक्साल भगवती
२. प्रीति गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट
३. मन्दिरमा पितलपाताको छाना फेरि वक्सियो ।

★

पाटन मंगलवजार दरवार स्क्वायर भण्डारखालभित्र रहेको कमलपोखरीस्थित ढुंगेधाराको सिरानमा अवस्थित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल माघ महिनामा श्री ५ महाराजाधिराज महे–
२. न्द्र वीर विक्रम शाहदेवबाट प्राचीन ऐतिहासिक कमलपोखरीको खोजी
३. गरी वक्सियो र छोपिरहेका सबै माटोहरू सफा गरी संपूर्ण पुनर्निमाण
४. गरि वक्सनाको साथै वन्द भइरहेको धारा पनि चलाउन लगाई वक्सियो ।

★

चोभार जलविनायकमन्दिरको सामुन्ने रहेको सत्तलको भित्री भागमा अवस्थित शिलाभिलेख

१. स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली
२. विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रताप भास्कर ओजस्वि राजन्य परम
३. गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल
४. श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट ज्योतिर्मय सुवि–
५. ख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणवाहु परमाधि–
६. पति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज
७. महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

८. श्री राजा शिवसिंहमल्ल एवं हरिहरसिंह देवका संयुक्त शासनकालमा
९. ने. सं. ७२३ (वि. सं. १६५९) मार्गशीर्ष पन्चमी श्रवणनक्षत्र व्याघा
१०. तयोग सोमवारका दिन थकाली, भार्या भुकुनमयि पुत्र उदय
११. पुरण, किरण इत्यादि अन्य गोष्ठिसमूह समेत मिली भक्तिपूर्वक
१२. श्री जलविनायकको मन्दिर प्रतिष्ठित गरेकोमा यो प्राचीन कलापूर्ण
१३. मन्दिर करालकालको प्रवल वेगले नष्टभ्रष्ट भइ भग्नावस्थामा परि-
१४. णत भएकोमा धर्मपथमा दृढ श्रद्धा, पूर्व संस्कृतिको संरक्षणमा प्र-
१५. गाढ आदर तथा लोककल्याणको अटल भावना राखि वक्सिने
१६. निर्दलीय प्रजातान्त्रिक पञ्चायती व्यवस्थाका प्रवर्तक तथा नेपाली
१७. संस्कृतिका महान् संरक्षक कलामर्मज्ञ धर्मप्राण श्री ५ महाराजाधिरा
१८. ज महेन्द्र वीर विक्रम शाहदेवबाट यस्तो महत्वपूर्ण ऐतिहासिक देव
१९. स्थलको पुरातात्विक परिष्कार तथा जीर्णोद्धार गराउने सदिच्छा
२०. गरिवक्सी गुठी संस्थानलाई हुकूम वक्से बमोजिम संस्थान मा-
२१. र्फत पुरातात्विक विधि अनुसार श्रीजलविनायक मन्दिरको
२२. पुनरूद्धार तथा जीर्णोद्धार गर्ने काम सुसम्पन्न भयो ।

इति वि. सं. २०१५ साल फाल्गुण गते रोज शुभम्

★

लेले सरस्वतीकुण्डस्थित पशुपतिमन्दिरको भित्तामा रहेको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल फाल्गुनमहिनामा श्री पशुपतिनाथ प्रीति

२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्रीको मन्दिर पुनः निर्माण गरि वक्सियो ।

★

चापागाउँस्थित वज्रवाराहीमन्दिरको क्याम्पामा प्रवेश गर्ने बाटोको दायाँपट्टि छेउमा उभिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल फाल्गुण महिनामा श्री वज्रवाराही प्रीति
२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिर
३. मर्मत तथा रंगरोगनको साथै क्याम्पा परखाल समेत मर्मत सुधार
४. गरि बक्सियो ।

★

कुम्भेश्वरमन्दिरको क्याम्प बाहिर रहेको ढुंगेधाराको शिरानको परखालमा टाँगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल फाल्गुण महिनामा श्री ५ महाराजाधिराज महे–
२. न्द्र वीर विक्रम शाहदेवबाट कुम्भेश्वर धारा बनाई कम्पाउण्डको पर्खाल पे–
३. टी समेत पुनः निर्माण गरि बक्सियो ।

★

सूर्यविनायकमन्दिरको सम्मुखमा रहेको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल फाल्गुण महिनामा श्री सूर्य विनायक प्रीति
२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिर
३. तथा वरीपरी पुनर्निमाण गरि बक्सियो ।

पशुपतिस्थित चौंसट्ठी शिवलिङ्ग निस्कने पश्चिमको सुवर्णद्वार खापाको सुवर्ण अभिलेख

ने. सं. ९६१ कार्तिक पूर्णिमा देवीदासनं दुन्ता सुवर्णद्वार ।
२०१५ साल फाल्गुणमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जीर्णोद्धार गरिबक्सेको ।

★

मंगलबजार दरबार स्क्वायरमा प्रतिष्ठित श्री विश्वनाथ मन्दिरको सामुन्ने रहेको मणिमण्डप नजीकमा अवस्थित ऐतिहासिक ढुंगेधाराको सिरानको पर्खालमा टाँगिएको शिलापत्र

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र मैनामा श्री ५ महाराजाधिराज महेन्द्र वीर
२. विक्रम शाहदेवबाट मङ्गलधारा कम्पाउण्ड पेटी पखाल समेत पुनः निर्माण
३. गरि बक्सियो ।

★

मंगलबजार दरबार स्क्वायर भित्र रहेको सुन्दरीचोक (तुसाहिटी) को सामुन्ने प्रतिष्ठित राजर्षि महाराज श्री सिद्धिनरसिंह मल्लको ढुंगाको खाटसंगै अवस्थित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र महिनामा श्री ५ महाराजाधिराज महेन्द्र वीर
२. विक्रम शाहदेवबाट सुन्दरीचोक धाराको पाइप फुटी बिग्री पुरिइ धेरै

३. सालसम्म पानी रोकिई वन्द भैरहेकोमा सो सबै खोली पुनः निर्माण गरि सा–
४ विकको मूलबाट आउने पानी पनि घट्दै रहेकोले अर्को सञ्चय गरि
५. नव निर्माण समेत गरि बक्सियो ।

★

ज्ञानेश्वर महादेवमन्दिरको दक्षिणतर्फको भित्तामा टाँगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र महिनामा श्री ज्ञानेश्वर महादेव प्रीति गरि
२. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्री को मन्दिर
३. जीर्णोद्धार गरि बक्सनाको साथै श्री भैरवस्थान समेत पुनर्निमाण गरि
४. बक्सियो ।

★

ललितपुर सौगलटोलका प्रसिद्ध ढुंगेधारा माथि रहेको परखालमा टाँगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र महिनामा श्री ५ महाराजाधिराज महेन्द्र
२. वीर विक्रम शाहदेवबाट सौगलटोल गैह्रेधारा कम्पाउण्ड पेटी पर्खाल समेत
३. पुनः निर्माण गरि बक्सियो ।

ललितपुरका प्रसिद्ध सुनधाराको बायाँतिर प्रतिष्ठित उमामहेश्वरमन्दिरको मूलद्वारको माथि अवस्थित शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र महिनामा श्री उमामहेश्वर प्रीति
२. गरि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट ढुङ्गा
३. मन्दिर पुनः निर्माण गरि वक्सियो ।

★

मरदेवी श्वेतकालीमन्दिरको सामुन्ने रहेको भजनपाटीको आंगणमा टाँगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१५ साल चैत्र महिनामा श्री श्वेतकाली प्रीति गरि श्री ५ म-
२. हाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिरमा रहेको टुट फुट
३. भई रहेकोमा मूर्तिहरू सावुद गरी रंगरोगन गरी जीर्णोद्धार गरि वक्सनाको सा-
४. थै धातुको झल्लर थपी पुनर्निर्माण गरि वक्सियो ।

★

बुढानीलकण्ठ नारायणस्थान रहेको क्याम्पको पश्चिमलङ्को धर्मशालाको माथिलो भागको भित्तामा स्थापित शिलाभिलेख

१. श्री सम्वत् २०१५ साल श्रावण महिनाको पुरूषोत्तम पुण्यमासमा श्रीनारायण प्रीति गरि श्री ५ महारा-
२. जाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट वक्स भएको मोहरू

७०००१। सत्तरी हजार ए-

३. क रूपैया खर्च लगाई मौसुफको सदिच्छा मुताविक श्री नारायण-स्थानको द्वारहरू र बगैचाको वि-

४. श्राम वाटिकाको नवनिर्माण र साथै तलाउ परखाल चौतर्फी सत्तल समेत पुनः निर्माण गरि चोक-

५. मा ढुंगा छापने आदि सजने सिंगार्ने सबै काम उपत्यकाञ्चल तात्कालीन सुधार समितिका तत्वाव-

६. धानमा साहु गौरीदास श्रेष्ठ मंगलवर मार्फत कार्य सम्पन्न गरि श्री नरनारायणको सेवामा

७ समर्पण गर्दछौं। श्री विक्रम सम्वत् २०१६ साल वैशाखशुक्ल पूर्णिमा शुभ दिन शुभम्।

★

नारायणहिटी (राजदरवार) को नारायणमन्दिरको ठीक सामुन्ने रहेको भजन-मण्डपको द्वारमाथि टांगिएको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१६ साल आषाढ महिनामा श्री नारायण प्रीति गरी

२. श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट श्री को मन्दि-

३. र र अरू मन्दिरहरू समेत रंगरोगन गर्नाको साथै वरिपरि चोकमा

४. ढुङ्गाले छापी भजनालय १ समेत नवनिर्माण गरी षोडशविध वाद्य वादन

५. हरूले सजाई चढाइ वक्सियो।

★

गुह्येश्वरी क्याम्पभित्र रहेको श्री ५ महेन्द्रको प्रतिमायुक्त शिलास्तंभमा उत्कीर्णित अभिलेख

श्री गुह्यकालिकायै नमः

१. हिमाद्रि भूमि मण्डलाधिराजमान शोभिना
२. महेन्द्र वीर विक्रमादि शाहदेव भूभुजा ।
३. सुवर्णपट्टमण्डितं समन्ततः परिष्कृतं
४. विधाय गुह्यकालिकाप्रसिद्धपीठमन्दिरम् ।
५. शशी भदन्ति भूमिते शकाब्दके शुचौ शुभे
६. स्ववर्षवृद्धिवासरे सदा प्रसादसिद्धये ।
७. सभक्ति पाणिसम्पुटप्रणामतत्परा चिरं
८. सधर्मिणीसमन्विताल्महेममूर्तिरर्पिता ।
९. विक्रम सम्वत् २०१६ आषाढकृष्ण दशमि

शुभमस्तु सर्व जगताम्

★

गुह्येश्वरी क्याम्पभित्र रहेको भजनघर निरको दिव्यघण्ट संगै रहेको भव्यरूप सत्तलको भित्तामा स्थापित शिलाभिलेख

श्री गुह्यकालिकायै नमः

१. श्रीभवानी प्रीति गरी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट मन्दिरको चारै
२. तर्फ पुनर्निर्माण र नवनिर्माण गराइ वक्सनाको साथै श्री .....को मूलढोका शोभायमान भव्य
३. र यथायोग्य सुन्दर वनाउन लगाई वक्सी मौसुफको ४० वर्ष आरम्भको शुभ जन्म जयन्तीको

४. दिनमा श्री ५ बडा महारानी रत्नराज्य लक्ष्मी शाह देवी सहितको
मूर्ति अनन्तको लागि श्री......

५. को पाउमा अर्पण गरी वेदोक्त यज्ञले भवानीको अर्चन गरी वक्सियो
र चिरस्मरणको निमित्त

६. मधुर ध्वनिको घण्ट समेत श्री......मा चढाई वक्सियो । श्री विक्रम
सम्वत् २०१६ साल साके १८८१

७. आषाढ कृष्ण दशमी शुभ जन्म जयन्ती सुपुण्य दिने शुभम् ।

★

पशुपति चोकभित्र सुशोभित शाहवंशका चित्रक्रमको लङ्क उन्मत्त भैरव दर्शनगर्न जाने द्वारको वायांपट्टि भित्तामा टाँगिएको शिलाभिलेख

१. श्रीगोरक्षकृपाकटाक्षवलितः श्रीसोमवंशध्वजो
२. गोरक्षाचलभूमिपालतिलकः श्रीद्रव्यशाहोऽभवत् ।
३. तस्मात्पूर्व शशीवलोकदयितः श्रीपूर्णसाहो ऽ जनि
४. राजा छत्रपतिस्ततः समभवच्छ्रीछत्रसाहाह्वयः । १
५. छत्रस्यानुजरामसाहनृपतिः स्थित्या स रामोपम
६. स्तस्माड्डम्वरसाहभूपति रभूच्छ्रीस्कृष्णसाहस्ततः ।
७. नीत्या कृष्णसमोऽरिरुद्रसदृशः श्री रूद्रसाहो ऽप्यतः
८. श्रीपृथ्वीपति भूपतिः सुत इतः श्रीवीरभद्राभिधः । २
९. तत्पुत्रस्तपसा पवित्रनरभूपालो नृपाल स्ततः
१०. पृथ्वीमल्लसमः पृथूपमगुणः श्री पृथ्वीनारायणः ।
११. येनोल्लासित वीरसैनिकजनै र्गोरक्षकालीवलात्
१२. तिष्टाकामगिरि प्रभृत्य त्रिकलं गंगाधिगर्च्चावधि । ३
१३. विश्वोऽतुङ्गो हिमाल दुर्गमभिनो दुद्धर्षमेकीकृतं
१४. श्रीगोरक्षकराष्ट्रं मुज्ज्वलजगज्जेष्ठप्रतिष्ट पुनः ।

१५. तत्पुत्रः प्रतिपक्षिपक्षदलनः सिंहः प्रतापाग्निम
१६. स्तस्माच्छ्री रणवहादुरनृपति गीर्वाणयुद्ध स्ततः । ४
१७. राजेन्द्रो ऽस्य सुरेन्द्र इत्यपि ततस्त्रैलोक्यवीर स्ततः
१८. पृथ्वीवीर इतो ऽरिभिन्त्रिभुवनो राजा प्रजातन्त्रकृत् ।
१९. पुत्रस्तस्य महेन्द्रवीरनृपतिर्ज्ञित्या प्रजा रन्जयन्
२०. कालीमेचिसमेतदेशमखि भ्रात्वा विदेशानपि । ५
२१. शिक्षासेतु जलादिहेतु धनदस्तीर्थस्थलोद्धारकः
२२. साहित्योद्धृतिमैतिहासिकसुरागारोद्धृतिं स व्यधात् ।
२३. यस्मिन् भारतचीनरूससहिता मैत्रीं भजन्ते नृपे
२४. देशादेश विदेश वासि जनता कोटि द्वयाधीश्वरे । ६
२५. शाके सोम गज द्विपावनिमिते पक्षे सिते कार्तिके
२६. श्रीगोरक्षककालिकापशुपतिक्षेत्रं पवित्रं पुनः ।
२७. संस्कृत्य प्रतिमां निजा धनरवां वण्ठश्च भक्त्यार्पयद्
२८. राजा पुत्रयुतः सुधारसमितिद्वारा सदारः शिवम् । ७

२०१६ वि. सं.

चित्रक्रमः

श्री ५ बडामहाराजा पृथ्वीनारायण साहदेवः
श्री ५ महाराजाधिराज प्रतापसिंह साहदेवः
श्री ५ महाराजाधिराज रणवहादुर साहदेवः
श्री ५ महाराजाधिराज गीर्वाणयुद्ध विक्रम साहदेवः
श्री ५ महाराजाधिराज् राजेन्द्र विक्रम साहदेवः ।
श्री ५ महाराजाधिराज सुरेन्द्र विक्रम साहदेवः ।
श्री ५ युवराजाधिराज त्रैलाक्यवीर विक्रम साहदेवः
श्री ५ महाराजाधिराज पृथ्वी वीर विक्रम साहदेवः
श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम साहदेवः
श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रम साहदेवः

पशुपतिनाथको दक्षिण प्रांगनको भइमा रहेको तामाको अभिलेख

१. स्वस्ति श्री सम्वत् २०१६ साल वैशाख महिनामा दक्षिण द्वारको धर्मशिला तामापाता बिग्रेको

२. जिर्णोद्धार गरी नया पाता वनाई श्री पशुपति नाथ प्रीति गरि श्री ५ म

३. हाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट चढाइ वक्सेको ॥

★

फोखरास्थित तालबाराहीमन्दिरको घण्टाभिलेख

संवत् २०१७ सालमा श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम साहदेवबाट चढाई बक्सेको ॥

★

डिल्लीवजार मैतीदेवीमन्दिरको ठीक सामुन्ने रहेको शिलाभिलेख

१. श्री विक्रम सम्वत् २०१७ वैशाख महिनामा श्री पन्च

२. कुमारी देवी प्रीति निमित्त श्री ५ महाराजाधिराज महे

३. न्द्र वीर विक्रम शाहदेवबाट मन्दिर सजने, सिंगार्ने

४. वरिपरि जीर्णोद्धार मर्मत गर्ने तथा परखाल घाट ब–

५. नाउने ढुंगा छाप्ने सिंढी वनाउने आदि नवनिर्माण समेत

६. गराइ वक्सियो। शुभम् शुभम् शुभम् ।

फर्पिङस्थित शेषनारायणको क्याम्पको धर्मशालाको भित्तामा रहेको शिलाभिलेख

१. श्री शेषनारायण नमः
२. सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
३. सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जन॥
४. स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध बिरु-
५. दावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल
६. तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट
७. अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखा दक्षिण
८. बाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचिफ
९. श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर वि
१०. क्रम जङ्गवहादुर शाह वहादुर शमशेर जङ्ग देवानाम्
११. सदा समर विजयिनाम् बाट सिढी मन्दिर चोक आदिमा
१२. ढुङ्गा छापी सिमेन्टको नयाँ बाटो समेत नव निर्माण र
१३. विश्राम स्थानहरू र पोखरी मन्दिरहरू जिर्णोद्धारको
१४. साथै सजाउने सिंगार्ने समेत कार्य सम्पन्न गराई
१५. श्री ५ महेन्द्र शुभ जयन्ति आषाढ कृष्ण दशमि
१६. विक्रम सम्वत् २०१७ साल आषाढ ५ गते शनिश्चर वा-
१७. रको शुभ दिनमा पुष्पाञ्जलीको साथ श्री
१८. को प्रीति गरी समर्पण गरी वक्सियो।

★

लाजिम्पाट टुकुचास्थित नीलसरस्वती (साख्वना ससमाजु) को मन्दिरको वांयापट्टि रहेको सतलको भित्तामा टांगिएको शिलाभिलेख

१. प्रत्ना लिच्छविकालि कीर्ति विदिता पूर्वैः प्रतिष्ठापिता
२. वीणापुस्तकमालिकाङ्कितकरा पाषाणरम्याकृति ।
३. श्रीमन्नीलसरस्वतीति सकलैः संमानिता शारदा
४. विद्यादानपरायणा विजयते नेपालभूमण्डले । १ ।
५. हिमाद्रिकुक्षौ नेपाले विशालनगरोदरे ।
६. इक्षुमत्या दक्षकूले लाजिम्पाटस्य पूर्वतः । २ ।
७. श्रीनारायणधाराया राजप्रासादमण्डलात् ।
८. ऐशान्यामंशुवर्मोत्थ-धाराया पश्चिमोत्तरे । ३ ।
९. उदक्किन्नरवर्मेशान्नन्दिकेश्वरमन्दिरात् ।
१०. वागीश्वर्याः पीठमिदं शाखोनेत्यपि कीर्त्यते । ४ ।
११. नीलीशालाप्रणालीभिः शोभितं पूर्व विश्रुतम ।
१२. पीठं नीलसरस्वत्या जयतीदं मनोहरम् । ५ ।
